**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेसनल माउन्टेन म्युजियम, पचभैया क्ष्यान्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९ फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २५९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असोज १३ गते सोमबार ❑ 29 Sept. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

**हार्दिक मंगलमय शुभकामना**

**विजयादशमी-२०८२**

**को अवसरमा हामी हाम्रा समस्त पाठक, ग्राहकवर्ग, लेखक, विज्ञापनदाता, शुभेच्छुक एवं सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति सम्वृद्धि र दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

पोखरा प्रकाशन प्रा.लि. पोखरा

**पोखरापत्र दैनिक परिवार**

**अबको अंक कोजाग्रत पूर्णिमा पछि प्रकाशित हुनेछ।**

## ओलीलगायत पाँच जनालाई विदेश भ्रमणमा रोक

**रासस**
पोखरा, १२ असोज

गत भदौ २३ र २४ मा भएको 'जेनजी' प्रदर्शनका क्रममा भएका घटनासम्बन्धी जाँचबुझ आयोगले नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीलगायत पाँच जनालाई विदेश भ्रमणमा रोक लगाएको छ।

आयोगको बैठकले अनुसन्धानको दायरामा रहेको जनाउँदै पाँच जनालाई विदेश भ्रमणमा रोक लगाउने निर्णय गरेको हो। आयोगले आइतबार जारी गरेको विज्ञप्तिमा पूर्वगृहमन्त्री रमेश लेखक, पूर्वगृह सचिव गोकर्णमणि दुवाडी, पूर्वराष्ट्रिय अनुसन्धान विभाग प्रमुख हुतराज थापा र काठमाडौँका पूर्वप्रमुख जिल्ला अधिकारी छविलाल रिजाललाई पनि विदेश भ्रमणमा रोक लगाउने निर्णय भएको उल्लेख छ । आयोगले भनेको छ, "भाद्र २३ र २४ गतेका घटनाको छानबिन तथा जाँचबुझको सिलसिलामा अनुसन्धानको दायरामा रहेको हुँदा निजहरूको विदेश भ्रमण रोक लगाउन आवश्यक कारबाही गर्नहुन तथा छानबिनका लागि कुनै पनि समयमा आयोगमा उपस्थित हुनुपर्ने हुँदा आयोगको स्वीकृतिबेगर काठमाडौं उपत्यका छाड्न नपाउने व्यवस्था गर्न गराउनका लागि सम्बन्धित निकायमा पत्राचार गर्ने ।

"यसैगरी गत भदौ २३ र २४ गतेको घटनाको छानबिन गरी प्रतिवेदन पेस गर्न बनेको जाँचबुझ आयोगको काम प्रभावकारी रूपमा सम्पादन गर्न विज्ञसहितको जनशक्ति आवश्यक देखिएकाले त्यसको व्यवस्थापनका लागि गृह मन्त्रालयमा लेखी पठाउने निर्णय गरेको पनि विज्ञप्तिमा उल्लेख छ।

## कास्कीमा चाडपर्वलक्षित सुरक्षा योजना लागू

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असोज

दसैं, तिहारलगायत चाडपर्वलाई लक्षित गरी जिल्ला प्रहरी कार्यालय, कास्कीले 'चाडपर्व विशेष सुरक्षा योजना-२०८२' लागू गरेको छ।

चाडपर्वका बेला हुनसक्ने चोरी, डकैती, लुटपाट तथा उच्छृङ्खल गतिविधि नियन्त्रण गर्न बनाइएको योजना कार्यान्वयनका लागि जिल्लामा ९२३ जना प्रहरी परिचालन गरिएको कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले जानकारी दिनुभयो । सडक सुरक्षाका लागि नियमित सवारीसाधनको जाँच तथा यात्रु सहायता कक्ष स्थापना गरिएको उहाँले बताउनुभयो । नियम विपरीत चर्को भाडा असुल्ने, क्षमताभन्दा बढी यात्रु बोक्ने सवारीसाधनलाई पनि कडाइपूर्वक निगरानी तथा कारबाही गर्ने गरिएको प्रहरीले जनाएको छ। यात्रुको सुरक्षा तथा सवारी दुर्घटना न्यूनीकरणका लागि कुकुरसहितको जाँच, पैदल गस्ती, ग्रामीण गस्ती, पेट्रोलिङ, बजार अनुगमनलगायत कार्य गरिएको सूचना अधिकारी बस्नेतले बताउनुभयो । नागरिकलाई शान्ति, सुरक्षाको प्रत्याभूति दिन सादा पोसाकमा समेत प्रहरी परिचालन गरी निगरानी र सुरक्षा सावधानी अपनाइएको कार्यालयले जनाएको छ । जिल्ला सुरक्षा समितिले पनि चाडपर्वका बेला सवारी आवागमन र यात्रु सहजताको अनुगमन गर्दै आएको छ।

## घुम्नबस्न पोखरा सुरक्षित रहेको सन्देश प्रवाह गर्दै होटल संघ

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असोज

होटल संघ पोखरा नेपालले देशविदेशका पाहुनालाई पोखरा भ्रमणका लागि आग्रह गरेको छ।

जेन-जी आन्दोलनका वापजूद पोखरा सुरक्षित पर्यटकीय गन्तव्य रहेको भन्दै संघले पाहुनाको स्वागतका लागि व्यवसायी तमतयार रहेको सन्देश प्रवाह गरेको हो।

नेपालीको घरआँगनमा भित्रिएको दशैं पर्वको शुभकामना आदानप्रदान गर्न आयोजित कार्यक्रममा संघले पोखराका संचारकर्मीमार्फत् पाहुनालाई पोखराको वास्तविक र सकारात्मक चित्र प्रवाह गर्न आग्रह गरेको थियो । कार्यक्रममा छोटो मन्तव्य राख्दै संघका अध्यक्ष लक्ष्मण सुवेदीले जेन-जी आन्दोलनका क्रममा पोखराका आधा दर्जन पर्यटकीय प्रतिष्ठानमा क्षति पुगे पनि अरु सबै पर्यटकीय संरचना यथावत र सेवा दिने अवस्थामा रहेको जानकारी गराए । 'हामीसँग एक हजार दुई सय होटलमा ४० हजार विस्तारा छन्', उनले भने- सयौं रेष्टुराँ पनि सेवाका लागि तत्पर छन्, पोखरा आउने पाहुनालाई कुनै समस्या हुने छैन । मुख्य पर्यटकीय मौसमको मुखैमा आएर जेन-जी आन्दोलन हुँदा पर्यटन उद्योग नकारात्मक रुपमा प्रभावित भए पनि यो विस्तारै पुरानै लयमा फर्कने आसा व्यवसायीहरुले व्यक्त गरेका छन् । होटल क्षेत्रमा मात्र नभई अन्य पर्यटकीय प्रतिष्ठान र सेवाहरुमा समेत व्यवसायीहरु



भारि छुट दिएर पाहुनालाई स्वागत गर्न तयार रहेको अध्यक्ष सुवेदीले बताए। काठमाडौं, चितवन र बुटवल लगायतका शहरबाट पोखरा जोडिने सडकहरु सुरक्षित र चुस्त रहेको स्मरण गराउँदै सुवेदीले काठमाडौंबाट अहिले पाँचै घण्टामा सडकमार्गबाट पोखरा आउन सकिने बताए। राति अवेर हवाई सेवा मार्फत् पोखरा पुग्ने चाहना राख्ने पर्यटकले समेत त्यस्तो सुविधा पाउने अवस्था रहेको उनले बताए।

अहिले चाडवाडको मौसम सुरु भएको र यो मौसममा नेपालका विभिन्न ठाउँबाट पाहुनाहरु पोखरा घुम्न आउनेमा आफूहरु आसावादी रहेको सुवेदीले सुनाए। आन्दोलनसँगै उत्पन्न विषम परिस्थितिको क्रममा पोखराको पर्यटन शुन्यमा पुगे पनि आफूहरु पुनः उठ्नेमा विश्वस्त रहेको उनले बताए । 'विभिन्न विपत्ती र अफ्ठ्याराहरु सामना गर्दै, पुनः उठ्दै हामी आएका छौं,' एक भिडियो सन्देशमा सुवेदीले भनेका छन्, यो पटक पनि हामी पुनः उठ्ने छौं । अहिले पोखराका होटलमा पर्यटकको अकुपेन्सी दर २५ प्रतिशत हाराहारीमा रहेको जानकारी पनि संघका तर्फबाट दिइएको छ। अहिले पोखराका हिमालहरु पनि खुल्न थालेको, पर्यटकहरु पदयात्रामा जानेआउने क्रम नरोकिएको र शान्तिसुरक्षा पनि पूर्ववत् अवस्थामा रहेकाले पोखरा भ्रमणका लागि संघले पाहुनालाई आग्रह गरेको हो । यसैगरी होटल संघ नेपालका केन्द्रिय सदस्य भरतराज पराजुलीले पोखरा जिवित र चलायमान शहर भएको बताउँदै होटल, रेष्टुराँ र अन्य पर्यटकीय प्रतिष्ठानहरु सेवाका लागि आतुर रहेको सन्देश जारी गरेका छन्। पोखरा निकै सुन्दर शहर रहेको भन्दै उनले एक भिडियो सन्देशमार्फत् यहाँको हरियाली र खुलेका हिमाल मुनी घुम्न र रमाउन आउनका लागि पाहुनालाई आग्रह गरे।

## राष्ट्र र राष्ट्रियताप्रति अटल सम्मान र गहिरो प्रेमको भावना जागृत होस्: प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असोज

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले नेपालीको महान् पर्व बडादशैं/विजयादशमी २०८२ को अवसरमा शुभकामना व्यक्त गर्नुभएको छ।

उहाँले यस प्रकारका चाडपर्वको संरक्षण एवं सम्वर्द्धनबाट राष्ट्र र राष्ट्रियताप्रति अटल सम्मान र गहिरो प्रेमको भावना जागृत गर्न सहयोग पुग्न सक्ने विश्वास व्यक्त गर्नुभएको छ। एक शुभकामना सन्देश जारी गर्दै प्रदेश प्रमुख भट्टले भन्नुभएको छ - 'बडादशैंले हामी सबैमा राष्ट्र पुनर्निर्माणमा नयाँ जोश, जाँगर र उत्साह, उमङ्गसहित सामाजिक-सांस्कृतिक एकता कायम राख्न प्रेरणा प्रदान गरी दिगो शान्ति, नागरिकको सुरक्षा, अमनचयन, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न ऊर्जा मिल्नेछ भन्ने विश्वास लिएको छु।'

बडादशैंले नेपालीबीच आपसी प्रेम, देशभक्ति, करुणा र अहिंसाको भावना बढ्नेछ भन्ने अपेक्षा पनि व्यक्त गर्नुभएको छ।

मुलुकको बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता कायम गर्न साथै सामाजिक-सांस्कृतिक परम्परा, ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्न बडादशैंको विशेष महत्व रहेको उहाँले उल्लेख गर्नुभएको छ।

## कोरोला नाका स्तरोन्नति गरी व्यवस्थित रुपमा सञ्चालन गर्न अध्यक्ष ढकालको आग्रह

**रासस**
गण्डकी, १२ असोज




नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले मुस्ताङमा अवस्थित नेपाल, चीन सिमानाका कोरोलाको थप स्तरोन्नति र व्यवस्थित सञ्चालनका लागि नेपाल सरकारसँग आग्रह गर्नुभएको छ।

महासंघको गण्डकी प्रदेश समिति एवं यसअन्तर्गतका जिल्ला उद्योग वाणिज्य संघका नेतृत्वहरुसँग आइतबार सो नाकाको निरीक्षणपछि उहाँले सो आग्रह गर्नुभएको हो। अध्यक्ष ढकालले भन्नुभयो, "कालीगण्डकी करिडोरको निर्माण पूरा भएपछि यो नाका नेपाल, चीन र भारतलाई जोड्ने सबैभन्दा छोटो मार्ग समेत बन्नेछ। यसलाई त्रिदेशीय व्यापार, पर्यटन र आर्थिक गतिविधिहरु प्रवर्द्धनका लागि प्रयो गर्न सकिने छ । यसतर्फ नेपाल सरकारले ध्यान दिनु जरुरी छ ।" अध्यक्ष ढकालले उक्त नाकाका लागि आवश्यक पर्ने पूर्वाधार नेपालतर्फ अपर्याप्त रहेकाले आवश्यक पूर्वाधार निर्माण गर्न, भन्सार कार्यालयलाई व्यवस्थित र सहज बनाउन, र जतिसक्दो चाँडै अध्यागमन सेवा सुरु गर्न पनि आग्रह गर्नुभयो।

उहाँले भन्नुभयो, "बाह्र दिनमात्र अघि सुरु गरिएको भन्सार कार्यालयबाट रु १ अर्ब ४० करोड राजस्व सङ्कलन भएको रहेछ। यसबाट पनि यो नाकाको थप व्यवस्थित सञ्चालन गर्न आवश्यक हुन आउँछ । हामीले भन्सार र अध्यागमनका लागि आवश्यक पूर्वाधार र कर्मचारी आदिको व्यवस्था गर्न सक्दा यसबाट नेपाललाई धेरै फाइदा पुग्ने कुरा स्पष्ट छ ।" चीनको ल्हासाबाट नेपालको रसुवासम्म पुग्न दुई दिन लाग्नेमा कोरोलासम्म एकैदिनमा आउने भएकाले पनि चिनियाँ पर्यटकका लागि नेपाल आउने यो छोटो रुट हुने तथा मानसरोवर पुग्न समेत यो बाटो छोटो हुने भएकाले यस नाकाबाट हुने आवतजावतलाई सहज र व्यवस्थित गर्नुपर्ने उहाँको भनाइ

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

**सुपथ मूल्यमा आकर्षक छपाइ**



**पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।**

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# राष्ट्रिय शिक्षक सीप विकास फाउण्डेशन कास्कीको साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असोज

राष्ट्रिय शिक्षक सीप विकास फाउण्डेशन (एनफोर्स्ड), कास्कीले आफ्नो ११औं वार्षिक साधारण सभा पोखराको होटल रोयल प्यालेसमा सम्पन्न गरेको छ।

फाउण्डेशनका अध्यक्ष प्रेम बहादुर कुँवरको अध्यक्षतामा सम्पन्न सभामा आ.व. २०८१/०८२ को प्रगति प्रतिवेदन प्रस्तुत गर्दै शिक्षक तालिम र शैक्षिक सुधारमा संस्थाले पुऱ्याएको योगदानबारे जानकारी दिइयो।

फाउण्डेशनले नेदरल्याण्ड्सको केपिजेडविश्वविद्यालयलगायतका प्रारम्भिक शिक्षक तालिम दिने कलेजहरू, कर्मफ्लाइट्स फाउण्डेशन नेपाल र पोखरास्थित शिवशक्ति क्याम्पससँग सहकार्य गर्दै अन्तर्राष्ट्रिय स्तरका शिक्षक तालिम सञ्चालन गर्दै आएको छ। विगत १२ वर्षमा करिब २,२०० शिक्षकलाई तालिम प्रदान गरिसकेको फाउण्डेशनले कास्की जिल्लाभरि मात्र नभई बागलुङको निसीखोला र ढोरपाटन नगरपालिकासम्म कार्यक्रम विस्तार गरेको छ। हालै सम्पन्न दुई वर्षीय तालिम, पोखरा र निसीखोलामा समानान्तर रूपमा सम्पन्न अन्तर्राष्ट्रिय कार्यशाला र नेदरल्याण्ड्सका विद्यार्थी-शिक्षकको अभ्यास शिक्षण



कार्यक्रमलाई विशेष उपलब्धि मानिएको छ। कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि शिवशक्ति क्याम्पसका प्रमुख चन्द्रकान्त रेग्मीले, आफ्नै क्याम्पसमा निरन्तर केन्द्रित कार्यक्रम सञ्चालन भई वि.एड तहका विद्यार्थीले तालिमबाट ठूलो लाभ लिएको र उच्च अंकसहित सबै विद्यार्थी उत्तिर्ण बनाउन सफल भएको अनुभव सुनाउनुभयो। उहाँले भविष्यमा पनि सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो। त्यस्तै, शिक्षाविद् तथा गण्डकी बोर्डिङ स्कुलका पूर्व सहायक प्राचार्य शिवलाल धितालले आफूले स्थापना गरेको फाउण्डेशन फर नेप्लिज ब्लाइन्ड स्टुडेन्ट्स मार्फत एनफोर्स्डसँग सहकार्य गर्दै आएको अनुभव सुनाउँदै, अब शिक्षकहरूले अन्तर्राष्ट्रिय अभ्यासलाई नेपालको पाठ्यक्रमसँग मिलाएर समयसापेक्ष अध्यापन पद्धति अवलम्बन गर्नुपर्ने सुझाव दिनुभयो। फाउण्डेशनका संस्थापक अध्यक्ष शालिकराम अधिकारीले शिक्षकको व्यावसायिक सीप विकास, व्यवहारिक तालिम र अभिभावक संलग्नताको महत्वबारे विचार राख्नुभयो। यसै अवसरमा फाउण्डेशनले आर्थिक वर्ष २०८२/०८३ का लागि "ठूलो सपना - गण्डकीमा शिक्षक स्रोत केन्द्र निर्माण र शिक्षक बैंक" परियोजना अघि सारेको घोषणा गऱ्यो। यस अन्तर्गत पोखरा र निसीखोलामा शिक्षक स्रोत केन्द्र र शिक्षक बैंक प्लेटफर्म स्थापना, ३०० भन्दा बढी शिक्षकलाई तालिम, र TIP–II अन्तर्राष्ट्रिय सम्मेलन २०२६ आयोजना गर्ने लक्ष्य लिइएको छ। परियोजनाको दीगो सञ्चालनका लागि स्थानीय दाता, साझेदार विद्यालय, नेदरल्याण्ड्स र बेल्जियमका विद्यालय तथा समुदायको सहयोग, साथै वाइल्ड गेन्जेन (वाइल्ड गिज) को सहकार्य जुटाउने बताइएको छ। अध्यक्ष कुँवरले आगामी दिनमा वाइल्ड गेन्जेनकी प्रोजेक्ट अफिसर सिलभिया अरटेगा एजुडुइ, आइटीविशेषज्ञ मराइन भान विवरविक र डि.डि.आर.एकी एस मिनसहितका टोलीसँग पोखरामा आयोजना हुने बैठकमार्फत परियोजना योजना थप स्पष्ट हुने र दीर्घकालीन सहकार्यमा अगाडि बढ्ने आशा व्यक्त गर्नुभयो। कार्यक्रमको सञ्चालन शशिधर बरालले गर्नुभएको थियो भने उपाध्यक्ष डिल्लीराम अधिकारी (केफ मा.वि.का प्राचार्य)ले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो। यसैबीच, कर्मफ्लाइट्सका आईटी अफिसर सुवास पौडेलले आफ्ना तर्फबाट भविष्यमा पनि एनफोर्स्ड फाउण्डेशनसँग सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता जनाउनुभयो। उहाँले शिक्षक तालिम सञ्चालन र कार्यक्रम व्यवस्थापनका लागि कर्मफ्लाइट्स स्थानीय स्तरमा महत्वपूर्ण व्यवस्थापकीय साझेदार संस्था हुने विश्वास व्यक्त गर्नुभयो। नेदरल्याण्ड्सस्थित केपिजेडविश्वविद्यालयका सहकर्मीहरू-प्रा. बर्ट तोल, डिर्की विजार, क्रिस्टिना भोस्टरम्यान, थिओ हुल्सहोफ-तथा नवराज ढकालले समेत सभाको सफलताका लागि आफ्नो शुभेच्छा पठाएका थिए।



विन्ध्यवासिनी मन्दिरमा पर्यटक : कास्कीको पोखरास्थित प्रसिद्ध धार्मिक क्षेत्र विन्ध्यवासिनी मन्दिरमा आइतबार तस्बिर खिच्दै विदेशी पर्यटक। तस्बिर : हरिप्रसाद बास्तोला/रासस

# बटुवाका लागि चौतारी निर्माण

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असोज

पोखराको पर्यटकीय गाउँ घार्मी पुग्ने पर्यटक तथा बटुवालाई लक्षित गरी चौतारी निर्माण गरिएको छ।

घार्मी अमला बिसौनी सडक खण्डको विरोधी चोकमा ढाडाँपाखा सुन्दर बन बाटिकाको जंगल क्षेत्रमा वर पिपल सहितको चौतारी निर्माण गरिएको हो। सामुदायिक वन उपभोक्ता समितिको पहलमा पोखरा -१६ पुजारी थर निवासी समाजसेवी बिष्णु प्रसाद अधिकारी र लक्ष्मी अधिकारीले आफ्नै खर्चमा चौतारी निर्माण गर्नुभएको सामुदायिक वन उपभोक्ता समितीका अध्यक्ष पुष्पराज अधिकारीले जानकारी दिनुभयो। अधिकारी परिवारले करिब ३ लाख रुपैयाँको लागतमा चौतारी निर्माण गरिदिएका हुन्।

चौतारी निर्माणले दैनिक रूपमा मर्निङ वाकका लागि पुग्ने सयौं व्यक्ति र पर्यटकलाई विश्रामका लागि सहज हुने



भएको छ।

परिवारको पहलमा आइतबार सो स्थानमा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम समेत सम्पन्न भयो। कार्यक्रममा कोशी प्रदेशका पुर्व प्रदेश प्रमुख सोमनाथ अधिकारी'प्यासी'ले वर पिपल सहितको चौतारी प्राचिन धार्मिक संस्कृति र सभ्यताको पहिचान भएको बताउँदै, यस्ता सम्पदाको संरक्षण तथा पुनर्निर्माणमा जोड दिनुभयो। चौतारी निर्माणकर्ता बिष्णु प्रसाद अधिकारीले चौतारी निर्माणले यस क्षेत्रमा ओहोर दोहोर गर्ने व्यक्तिलाई सहज हुने बताउनुभयो। समाजसेवी कृष्ण प्रसाद अधिकारी, रमेश अधिकारी, विष्णु प्रसाद आचार्य, वन समितिका अध्यक्ष पुष्पराज अधिकारी लगायतकाले धार्मिक दृष्टिले पनि वर पिपलको चौतारी निर्माण हुनु पुण्य कार्य भएको भन्दै, अधिकारी परिवारले गरेको कार्यको प्रशंसा गरे।

सो स्थानमा प्रतिक्षालय र खानेपानी व्यवस्थापनको समेत समस्या रहेको छ। पुरानो प्रतिक्षालय जीर्ण भएको हुँदा नयाँ निर्माणका लागि पहल भइरहेको अध्यक्ष पुष्पराज अधिकारीले जानकारी दिनुभयो।

प्रतिक्षालय र खानेपानी व्यवस्थापनको लागि स्थानीय सरकारको समवन्य समेत आवश्यक रहेको बताइएको छ।

# भागेका कैदीबन्दी पक्राउ गर्न कार्यदल गठन

**पोखरापत्र संवाददाता**
दमौली, १२ असोज

'जेनजी' प्रदर्शनका क्रममा तनहुँ कारागारबाट भागेका कैदीबन्दी पक्राउ गर्न कार्यदल गठन गरिएको छ। सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा फरार बन्दी खोजी तथा पक्राउ कार्यदल गठन गरिएको हो।

कार्यदलमा सशस्त्र प्रहरी बल मनकामना गण नं २३ भानुका सशस्त्र प्रहरी निरीक्षक सदस्य र सदस्य सचिवमा तनहुँ कारागारका प्रशासक श्यामसिंह बोहोरा रहनुभएको छ। आन्दोलनका क्रममा भदौ २४ गते कारागारबाट ३२७ जना फरार भएका थिए। त्यसमध्ये १८७ जना पक्राउ परिसकेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिनुभयो। त्यसबाहेक अन्य विभिन्न कारागारबाट भागेका ४४ जनालाई पनि पक्राउ गरी सम्बन्धित कारागारमा पठाइएको उहाँले बताउनुभयो। फरार भएका कैदीबन्दीलाई आगामी असोज २० गतेसम्म कारागार कार्यालय वा नजिकको प्रहरी कार्यालयको सम्पर्कमा आउन अनुरोध गरिएको छ। अन्यथा कारागार ऐन, २०७९ र प्रचलित कानुनबमोजिम कारबाही हुने र त्यस्ता कैदीबन्दीहरूलाई लुकाउने, छिपाउने वा आश्रय दिने व्यक्तिलाई समेत कसुरदार ठानी प्रचलित कानुनबमोजम कारबाही गरिने जनाइएको छ।

# कोजाग्रत पूर्णिमाका अवसरमा चियापान कार्यक्रम हुँदैन : कांग्रेस

**रासस**
काठमाडौं, १२ असोज

कोजाग्रत पूर्णिमाका दिन पारेर नेपाली कांग्रेसले हरेक वर्ष आयोजना गर्दै आएको चियापान कार्यक्रम यस वर्ष नगर्ने भएको छ। कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले एक विज्ञप्ति जारी गरी चियापान तथा शुभकामना आदानप्रदान कार्यक्रम आयोजना नहुने जानकारी दिनुभएको हो।

विसं २०३३ मा जननायक बिपी कोइराला निर्वासनबाट 'राष्ट्रिय एकता तथा मेलमिलापको नीति' लिई स्वदेश फर्केपछि हरेक वर्ष नेपाली कांग्रेसले कोजाग्रत पूर्णिमाको दिन चियापान समारोह आयोजना गरी शुभकामना आदानप्रदान गर्दै आएको थियो। कांग्रेसद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "चाडवाडको समयमा समग्र मुलुकका नागरिक शोकमा डुबेको र हाम्रो पार्टीको केन्द्रीय कार्यालयसमेत आगजनी गरी ध्वस्त पारिएको अवस्थामा हामी देशभक्त नेपाली नागरिकबीच थप राष्ट्रिय एकता र मेलमिलापको आवश्यकता हुनुपर्छ।" आम नेपाली आमाबुबा दिदीबहिनी तथा दाजुभाइहरू अकल्पनीय शोकमा रहेकाले कोजाग्रत पूर्णिमाका दिन कांग्रेसले आयोजना गर्दै आएको चियापान तथा शुभकामना आदानप्रदान कार्यक्रम आयोजना नगर्ने कांग्रेसले जनाएको छ।

# विभिन्न कारागारबाट भागेका १२ कैदीबन्दी गोरखाबाट पक्राउ

**पोखरापत्र संवाददाता**
गोरखा, १२ असोज

जेनजी प्रदर्शनका क्रममा देशका विभिन्न कारागारबाट भागेका १२ जना कैदीबन्दी गोरखाबाट पक्राउ परेका छन्।

कास्की कारगारका सात, केन्द्रीय कारागार जगन्नाथदेवलका तीन जना कैदीबन्दी पक्राउ परेका जिल्ला प्रहरी कार्यालयले जनाएको छ। जिल्ला प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी उपरीक्षक भरतबहादुर विकका अनुसार जेनजी प्रदर्शनका क्रममा तनहुँ कारागारबाट भागेका एक र बालसुधार गृह सानोठिमी भक्तपुरबाट भागेका एक जना कैदीबन्दीलाई पनि पक्राउ गरी आवश्यक प्रक्रिया पुरा गरेर सम्बन्धित कारगार तथा सुधार गृहमा पठाइएको छ। कास्की कारागारबाट भागेर गोरखा आइपुगेका विक्रम नेपाली, तेन्जिङ रिग्देल लामा, छेवाङ रिजिन लामा, सोनाम ल्याल्जेन लामा, बाबुराम नेपाली, राजेश विश्वकर्मा सुनार र सोनामा दोर्जे लामालाई पक्राउ गरिएको प्रहरी उपरीक्षक विकले बताउनुभयो। केन्द्रीय कारागार जगन्नाथदेवलबाट भागेका भरत ठकुरी, सुमन सुनदास र भुवन तामाङलाई पक्राउ गरेर सम्बन्धित कारागार चलान गरिएको छ। त्यस्तै तनहुँ कारागारबाट भागेका विशाल उपरकोटी र बालसुधार गृह सानोठिमी भक्तपुरबाट भागेकी सुस्मा मग्रातीलाई गोरखाबाट प्रहरीले पक्राउ गरेको हो।

प्रहरी उपरीक्षक विकले पक्राउ परेका सबैलाई केही समय जिल्ला प्रहरी कार्यालय गोरखाको थुनुवा कक्षमा राखी कानुनी प्रक्रिया पुरा गरेर सम्बन्धित कारागार चलान गरिसकिएको जानकारी दिनुभयो। "गोरखाबाट पक्राउ परेकामध्ये अधिकांश गोरखा घर भएका र केही जिल्ला बाहिर घर भएकाहरू छन्", उहाँले भन्नुभयो। प्रदर्शनका क्रममा भागेका कैदीबन्दीको सूचनासहित विस्तृत विवरण सङ्कलन भइरहेकाले खोजी कार्य जारी रहेको उहाँले बताउनुभयो।

# एक-अर्काको ...

थियो। माथि कोरोला नाका वरिपरि नै सरकारी कार्यालय निर्माण गर्न, बसोबास र अन्य व्यवस्थापनका लागि सहज नभएमा केही तल रहेको निचुङमा सरकारले पूर्वाधार निर्माण गरेर स्थायी रुपमा कार्यसञ्चालन एवं बिजुली, पानी, इन्टरनेट लगायत अन्य आवश्यक व्यवस्थापनमा सहज हुने पनि अध्यक्ष ढकालको सुझाव थियो।

गतबर्ष मात्र मुस्ताङमा करिब सात लाख आन्तरिक तथा बाह्य पर्यटक भित्रिएको तथ्याङ्क रहेको उल्लेख गर्दै अध्यक्ष ढकालले यहाँ धार्मिक पर्यटनका लागि मुक्तिनाथ, दामोदरकुण्ड लगायतका स्थानहरु रहेका र मानसरोबार जानका लागि पनि यो बाटो छोटो हुने भएकाले नेपाली र भारतीय पर्यटकहरुलाई समेत सहज हुने बताउनुभयो।

साथै माथिल्लो मुस्ताङ प्रवेशका लागि विदेशी पर्यटकहरुलाई लगाइँदै आइएको रु ५०० अमेरिकी डलर अव्यवहारिक रहेकाले त्यसमा तत्कालै पुनर्विचार गर्न पनि उहाँले सरकारसँग माग गर्नुभयो। अध्यक्ष ढकालले नेपाल उद्योग वाणिज्य महासङ्घका तर्फबाट कालिगण्डकी करिडोर छिटो सम्पन्न गर्न र कोरला नाकालाई व्यवस्थित तथा दिगो ढंगले सञ्चालनका लागि आवश्यक पहल गर्न नेपाल सरकार र सम्बन्धित निकायसँग यसअघि पनि आग्रह गर्दै आएको बताउँदै यसका लागि निजी क्षेत्रका तर्फबाट के गर्नुपर्छ त्यसका लागि आफूहरु प्रतिबद्ध रहेको पनि बताउनुभयो।


## रेविज: तथ्य बुझौं, त्रसित नहोऔं।

रेविज: कुकुर तथा जंगली जनावरको टोकाईबाट मानिसमा सर्ने प्राणघातक रोग हो। यसबाट बच्न:

◆ घरपालुवा जनावरलाई नियमितरुपमा रेविजविरुद्धको खोप लगाऔं,
◆ जनावरले टोकेमा तुरुन्तै साबुन पानीले कम्तीमा १५ मिनेटसम्म राम्रोसँग धोऔं,
◆ जनावरले टोकेमा तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
◆ स्वास्थ्यकर्मीको सल्लाहबमोजिम रेविजविरुद्धको खोप लगाऔं,
◆ कुकुर तथा घरपालुवा जनावरलाई खुल्ला रुपमा नछाडौं,
◆ जंगली वा अपरिचित जनावरसँग टाढा बसौं,

रेविजको उपचार हुँदैन, सतर्कता अपनाऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसल्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ ।
– अज्ञात

## सम्पादकीय

# जेनजी विद्रोहले पर्यटन क्षेत्रमा नकारात्मक सन्देश

नेपालमा पर्यटकको चहलपहल बढ्ने बेलामा जेनजी आन्दोलनले पर्यटन क्षेत्रमा नकारात्मक सन्देश प्रवाह भएको छासेप्टेम्बर देखि नोभेम्बर पर्यटक बढी भित्रिने समय हो । पदयात्रामा जाने पर्यटकको घुइँचो लाग्ने रुटमा गत वर्ष भन्दा कम देखिन्छन् । काठमाडौं, पोखरा,चितवन, लुम्बिनी लगायतका पर्यटकीय शहर र गन्तव्यका होटल,लज र सम्पदामाथि तोडफोड र आगजनी भयो । त्यसको असर धेरै क्षेत्रमा परेको छाठूला र पर्यटकीय होटलमा भएको आगजनी र तोडफोडले नेपालबारे नकारात्मक सन्देश प्रवाह भएको छा नेपाल पर्यटन बोर्डले 'जेनजी' आन्दोलनले देशमा पर्यटन क्षेत्रको मनोबल घटाएको जनाएको छ। बोर्डले आन्दोलनमा गरिएको तोडफोड, आगजनी र लुटपाटको घटनाले पर्यटन क्षेत्रको मनोबल घटाएको जानकारी गराएको छ।

विश्व पर्यटन दिवसको अवसर पारेर शनिबार (असोज ११) काठमाडौंमा आयोजित कार्यक्रममा बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले आन्दोलनका कारण तुलनात्मक रूपमा पर्यटकको आगमनमा ४५ प्रतिशतले कमी आएको तथ्यांक सार्वजनिक गरेका छन । गत वर्ष असोजको पहिलो सात पर्यटकको संख्या ३३/३४ सय भएको थियो । यो वर्ष जेनजी आन्दोलनका कारण त्यो संख्या घटेर १६ सयमा झरेको आँकडा छाअब थप अरू दुर्घटना नभए त्यसमा सुधार आउने बोर्डको आकलन छ ।

भदौ २३ र २४ गते जुन आन्दोलन भयो, अलिकति आगजनीका घटनाहरूका कारण पर्यटक आगमनको संख्यामा कमी भयो। ठ्याक्कै सिजन सुरु हुँदै गर्दा पर्यटन क्षेत्रमा लाग्नेको अलिकति मनोबल खस्काएको अवस्था छ । देशलाई आर्थिक रुपमा कमजोर बनाउन पर्यटन क्षेत्रलाई आक्रमण गराएको हुनसक्छ । निजी क्षेत्र सहितको प्रतिनिधित्व भएको नेपाल पर्यटन बोर्डले धैरै मेहनत गर्नुपर्ने बेला आएको छ । बोर्डले नेपालमा पर्यटन भित्र्याउन सही सूचना दिने प्रणालीलाई प्रभावकारी बनाइएको पनि जिकिर गरेको छ ।

सूचना प्रणालीको राम्रो व्यवस्थापन गरेर पर्यटकलाई दिगो रूपमा नेपाल भित्र्याउने कार्यलाई सघन ढंगले अघि बढाइएको जिकिर नेपाल पर्यटन बोर्डको छ । त्यसनिम्ति सरकारी र निजी क्षेत्र दुवैले संयुक्त रूपमा पहल गर्नुपर्ने पर्यटन क्षेत्र बुझ्नेकाहरुको मत छ। पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको समेत कार्यभार सम्हालेकी प्रधानमन्त्री सुशीला कार्कीले विदेशी मुद्रा आर्जन, रोजगारी सिर्जना र आय वृद्धिका लागि ओझेलमा परेका पर्यटकीय गन्तव्यहरूको पहिचान, प्रवर्धन र सम्बर्धन अपरिहार्य भएको विचार राखेकी छन । ४६ औं विश्व पर्यटन दिवसका अवसरमा शुभकामना सन्देशमा उनलेअद्वितीय प्राकृतिक सौन्दर्य, जैविक विविधता, बहुजातीय-बहुभाषिक संस्कृति र विश्वप्रसिद्ध हिमालका कारण हाम्रो देश पर्यटकहरूको लागि आकर्षक गन्तव्य बनेको बताएकी छन । पर्यटनलाई राष्ट्रिय अर्थतन्त्रको बलियो आधार बनाउन आवश्यक छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : झमेला बढ्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शुभ यात्रा | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : आर्थिक समस्या | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# युनिटी कपको पहिलो टी-२० : नेपाललाई ऐतिहासिक सफलता

**रासस**
काठमाडौं, १२ भाद्र

वेस्ट इन्डिजविरुद्धको युनिटी कपको पहिलो टी-२० खेलमा नेपाललाई ऐतिहासिक सफलता हासिल भएको छ।

संयुक्त अरब इमिरेट्सको शारजाह क्रिकेट रङ्गशालामा आज भएको खेलमा नेपालले वेस्ट इन्डिजलाई १९ रनले पराजित गर्दै ऐतिहासिक सफलता हासिल गरेको हो।

नेपालले दिएको एक सय ४९ रनको लक्ष्य पछ्याएको वेस्ट इन्डिजले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर एक सय २९ रन मात्र बनाउन सक्यो । उसका लागि नवीन विदायसीले सर्वाधिक २२ रन बनाए भने अमिर जाङ्गो र किएसी कार्टीले समान १९ रन बनाए ।

नेपालका लागि कुशल भुर्तेलले दुई विकेट लिए भने कप्तान रोहित पौडेल, करण केसी, दीपेन्द्रसिंह ऐरी र नन्दन यादवले समान एक-एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर एक सय ४८ रन बनाएको थियो । नेपालका लागि कप्तान रोहित पौडेलले सर्वाधिक ३८ रनको योगफल बनाए । उनले ३५ बलमा तीन चौका र एक छक्कासहित सर्वाधिक ३८ रन बनाएका हुन् । त्यस्तै कुशल मल्लले २१ बलमा दुई चौका र दुई छक्कासहित ३० रन बनाए । गुल्शन झाले २२ रन बनाए भने दीपेन्द्रसिंह ऐरीले १७ रन बनाए । वेस्ट इन्डिजका लागि जेसन होल्डरले चार विकेट लिए भने नवीन विदायसीले तीन तथा कप्तान अकिल होसेनले एक विकेट लिए ।

नेपाली क्रिकेट इतिहासमा नेपालले पहिलोपटक दुईपटकको विश्वकप विजेता वेस्ट इन्डिजविरुद्ध खेलेको हो । अर्को सातादेखि ओमानमा हुने आइसीसी टी-२० एसिया कप क्षेत्रीय छनोटको तयार िस्वरुप नेपालले वेष्ट इन्डिजसँग तीन खेलको टी-२० अन्तरराष्ट्रिय सिरिज खेल्न लागेको हो । नेपाल र वेष्ट इण्डिजसँग दोस्रो खेल यही असोज १३ गते हुनेछ ।

# वायुसेवा निगमद्वारा चीनको ग्वाङ्जाओ उडान सुरु

**रासस**
काठमाडौं, १२ भाद्र

राष्ट्रिय ध्वजावाहक नेपाल वायु सेवा निगम (नेपाल एयरलाइन्स)ले चीनको ग्वाङ्जाओमा सिधा उडान सुरु गरेको छ। निगमले शनिबारदेखि काठमाडौं-ग्वाङ्जाओ-काठमाडौं नियमित उडान सञ्चालन गरेको हो।

निगमले चीनको ग्वाङ्जाओमा असोज ९ गतेदेखि उडान सञ्चालन गर्ने योजना बनाएको भए पनि केही प्राविधिक कमजोरीका कारण निगमको उद्घाटन उडान शनिबार दिउँसो मात्र भयो । ग्वाङ्जाओको उद्घाटन उडानमा सहभागी विभिन्न क्षेत्रका व्यक्ति तथा केही सङ्ख्याका यात्रु त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा पुगिसकेको अवस्थामा उडान रद्द भएको थियो। विमानस्थल पुगेका यात्रुलाई निगमले व्यवस्थापन गरेको थियो। निगमका प्रवक्ता मनोजकुमार साहका अनुसार काठमाडौंबाट शनिबार दिउँसो ग्वाङ्जाओ उडेको विमान ग्वाङ्जाओबाट एक सय सात यात्रु लिएर आइतबार काठमाडौं फर्किएको छ । पूर्वनिर्धारित तालिकाबमोजिम नै ग्वाङ्जाओमा नियमित उडान हुनेछ। निगमले हरेक हप्ता तीनवटा नियमित उडान गर्ने तालिका तय गरेको छ । पहिलो उडान असोज १२ गते हुने र त्यसपछि असोज ३०, कात्तिक २ र ६ गते हुने उडान पनि तय भएको छ। त्यसपश्चात् प्रत्येक आइतबार, मङ्गलबार र शनिबार ग्वाङ्जाओतर्फ सिधा उडान हुनेछ । काठमाडौंबाट ग्वाङ्जाओसम्मको एकतर्फी भाडादर रु ३० हजार र दोहोरो टिकट रु ५० हजार तोकिएको निगमले जनाएको छ । काठमाडौं-ग्वाङ्जाओ गन्तव्यमा अहिले चीनको वायुसेवा कम्पनी चाइना साउदर्नले नियमित उडान गरिरहेको छ । नेपालबाट भने हिमालय एयरलाइन्सले यो रूटमा नियमित उडान भर्दै आएको छ। नेपालीहरूको बाहुल्यता रहेको ग्वाङ्जाओ उडानले निगमलाई आर्थिक रूपमा लाभ हुनसक्ने अनुमान गरिएको छ । निगमको ग्वाङ्जाओ उडानसँगै अब नौ देशका ११ गन्तव्यमा नियमित उडान हुने भएको छ । हाल नेपाल वायुसेवा निगमसँग रहेका दुईवटा न्यारोबडी र दुईवटा वाइडबडी जहाजमार्फत कतारको दोहा, मलेसियाको क्वालालम्पुर, संयुक्त अरब इमिरेट्सको दुवई, हङकङ, भारतका दिल्ली, मुम्बई र बैङ्गलोर, थाइल्याण्डको बैंकक, साउदी अरबको दमाम र जापानको नारितामा अन्तरराष्ट्रिय उडान भइरहेको निगमले जनाएको छ।

# 'ट्राभल एड्भाइजरी' खुकुलो बनाइदिन दूतावासहरूलाई बोर्डको आग्रह

**रासस**
काठमाडौं, १२ भाद्र

नेपाल पर्यटन बोर्डले नेपाल भ्रमणका लागि जारी गरिएका विभिन्न देशका यात्रा सल्लाह (ट्राभल एड्भाइजरी) खुकुलो बनाइदिन आग्रह गरेको छ।

दसैंको अवसरमा काठमाडौंमा बिहीबार बेलुका आयोजित 'मिट एन्ड ग्रिट विथ डिप्लोम्याटिक कोर्स' कार्यक्रममा बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले नेपाल हाल सामान्य अवस्थामा फर्किएको र पर्यटक भ्रमणका लागि पूर्ण सुरक्षित रहेको सन्देश दिनुभयो ।

यसअघि गत भदौ २४ र २५ गते भएको 'जेनजी' आन्दोलनपछि दूतावासहरूले आफ्नो देशका यात्रुलाई नेपाल भ्रमणबारे सचेत रहन भन्दै 'ट्राभल एड्भाइजरी' जारी गरेका थिए । विश्व पर्यटन दिवसको पूर्वसन्ध्यामा आयोजित कार्यक्रममा १५ भन्दा बढी देशका राजदूत तथा प्रतिनिधि र नेपाल सरकारका उच्चपदस्थ प्रतिनिधिहरूको सहभागिता रहेको थियो। हालैको जेनजी आन्दोलनले सिर्जना गरेको अस्थिरताबाट पर्यटन उद्योगमा देखिएको सङ्कट छिट्टै सामान्य अवस्थामा आइसकेको उल्लेख गर्दै सिइओ जोशीले भन्नुभयो, "राजनीतिक स्थायित्व, सुरक्षा, सहज यातायात, स्वास्थ्य सेवाको पहुँचजस्ता पक्षमा नेपाल पूर्ण रूपमा सामान्य भइसकेको छ । गत भदौ २४ र २५ गतेको अस्थिरतापछि स्थिति नियन्त्रणमा लिइएको र नयाँ सरकार गठन भइसकेको अवस्थामा राजनीतिक स्थायित्वमा कुनै समस्या नरहेको, सुरक्षा निकाय र पर्यटक प्रहरीहरू पुनः सामान्य सेवामा फर्किसकेका छन् ।

# धवलागिरि हिमाल आरोहणका लागि 'रुट' तयार

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ असोज



विश्वको सातौं (आठ हजार १६७ मिटर) अग्लो धवलागिरि हिमालको चुचुरोमा पुग्ने 'रुट' तयार गरिएको छ । धवलागिरि हिमाल म्याग्दीको धवलागिरि गाउँपालिका-४ को भूगोलमा पर्छ ।

चालु शरदयाममा आरोहण टोली लिएर हिमालमा पुगेका चार जना शेर्पाहरूले 'रुट' बनाएर चुचुरोमा पुगेका हुन् । आरोहण कम्पनी सेभेन समिट ट्रेक्सका संस्थापक मिङ्मा शेर्पाले आधार शिविरदेखि बाटो बनाएर धवलागिरिको चुचुरोमा पुगेका चार जना शेर्पाहरूको टोलीले शनिबार 'रोप फिक्सिङ' (डोरी तानेका) जानकारी दिनुभयो ।

"चौध शिखर अभियान र सात शिखर पदयात्राका शेर्पाहरूको संयुक्त टोलीले धवलागिरिको चुचुरोसम्म मार्ग खोलेको छ", उहाँले भन्नुभयो, "यसले गर्दा यस सिजनमा सबै पर्वतारोहीका लागि धवलागिरि हिमाल पहुँचयोग्य भएको छ ।"

सङ्खुवासभाको मकालु गाउँपालिका-१ का टासी शेर्पा, लाक्पा टेम्बा शेर्पा, सोही पालिकाको वडा नं २ का पुर्वा कुसाङ शेर्पा र पासाङ नोर्बु शेर्पाको टोलीले बाटो बनाउने र डोरी तान्नुका साथै चालु शरदयाममा धवलागिरिको सफल आरोहण गर्ने पहिलो टोली भएका छन्। शेर्पाहरूको टोलीले हिउँमा डोरी तानेर बाटो तयार पारेपछि उनीहरूको सहयोगमा आरोहीहरू चुचुरोमा पुग्ने गर्छन् । मौसम अनुकूल र अन्य समस्या नभएमा एकदुई दिनभित्र आरोहण टोली धवलागिरिको चुचुरोमा पुग्ने शेर्पाहरूले जनाएका छन् । पर्यटन विभागका अनुसार शरदयाममा धवलागिरि आरोहणका लागि तीनवटा समूहका सात जना महिला र १७ जना पुरुषले अनुमति लिएका छन् । अनुमति लिएकाबाट रु ५० लाख ७१ हजार सलामी दस्तुर (शुल्क) प्राप्त भएको छ ।

आरोही, शेर्पा, पथप्रदर्शक र सहयोगीहरूको टाली आधार शिविरमा पुगिसकेका छन् । यसपालि आरोहण टोली मुस्ताङको माफदिखि याकखर्क हुँदै आधार शिविर पुगेका हुन् । धवलागिरि गाउँपालिकाको मुदीबगर हुँदै जाने पदमार्ग बिग्रिएको, घुमाउरो र टाढा पर्ने भएकाले मुस्ताङको पदमार्ग प्रयोग गरेर गएका हुन् । गत वसन्तयाममा दुईवटा समूहका १५ जनाले आरोहण अनुमति लिएबापत रु ३६ लाख ९१ हजार २६० राजस्व सङ्कलन भएको थियो । सन् २०२४ को शरदयाममा एक समूहका १४ जना पुरुष पर्वतारोहीहरूले आरोहणको अनुमति लिएकामा रसियाका पाँच जनाको हिउँपहिरोमा पुरिएर ज्यान गएको थियो । छिनछिनमा परिवर्तन हुने मौसम धवलागिरि आरोहणको चुनौती हो । अन्य हिमालको तुलनामा धवलागिरि आरोहणलाई जोखिमयुक्त र साहसिक मानिन्छ । सन् १९६० मे १३ मा अष्ट्रियाका कुर्ट डिम्बर्गरले पहिलोपटक धवलागिरि हिमालको सफल आरोहण गर्नुभएको थियो । डिम्बर्गरसहित पिटर डियनर, एन्स्ट फोरर, एल्बिन सेल्बर्ट, निमा दोर्ज र नवाङ दोर्ज पहिलोपटक धवलागिरिको चुचुरोमा पुग्नुभएको थियो ।

# राष्ट्रियता र संविधानका पक्षमा एकमत

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असोज

संविधानको प्रभावकारी कार्यान्वयनमार्फत लोकतन्त्रको सुदृढीकरणमा राजनीतिक दल, नागरिक समाजलगायत सम्बद्ध पक्ष दृढ भएर लाग्नुपर्नेमा जोड दिइएको छ ।

राष्ट्रिय जनमोर्चा, बागलुङद्वारा शनिबार सदरमुकाममा आयोजित 'राष्ट्रियता र संविधानको रक्षा' विषयक अन्तर्क्रियामा वक्ताहरूले जनताको लामो त्याग, सङ्घर्ष र बलिदानबाट प्राप्त भएको अहिलेको संविधानको रक्षार्थ सबै एकजुट हुनुपर्ने बताएका हुन्। 'जेनजी' विद्रोहपछिको विषम परिस्थितिमा मुलुकको हित र राष्ट्रिय स्वाधिनताको रक्षाका लागि सबै देशभक्त शक्तिहरू एकताबद्ध हुनुपर्नेमा सबैको समान मत थियो । राष्ट्रियता प्रवर्द्धन र संविधानको रक्षाका लागि मुलुकका राजनीतिक दल थप जिम्मेवार हुनुपर्नेमा जोड दिइएको हो ।

कार्यक्रममा 'राष्ट्रियता र संविधान रक्षाको प्रश्न' विषयक आधारपत्र प्रस्तुत गर्दै वरिष्ठ अधिवक्ता काजी गाउँले श्रेष्ठले 'जेनजी' विद्रोह मुलुकमा व्याप्त कुशासन र अराजकताको परिणाम भएको बताउनुभयो । राज्यसत्ताका प्रमुख अङ्गहरू, प्रशासन, न्यायालयसम्म दलीयकरण र भागवण्डा हुँदा नीतिग निर्णयहरूका आडमा भ्रष्टचार मौलाएको उहाँको भनाइ छ। "राजनीतिक दलहरूले अब कुराले होइन, कामले सुधारिएर जनताको विश्वास जित्नु आजको आवश्यकता हो", वरिष्ठ अधिवक्ता श्रेष्ठले भन्नुभयो, "वैदेशिक हस्तक्षेप र अर्धसामन्ती अवस्थाबाट मुक्त नभएसम्म नेपाल राष्ट्रले आशा गरेको उन्नति हुन सक्दैन ।" कार्यक्रममा नेपाली कांग्रेसका तर्फबाट जगन्नाथ आचार्य, नेकपा (एकीकृत समाजवादी) का पिङ्गलराज गौतम, राष्ट्रिय स्वतन्त्र पार्टीका खिमानन्द पौडेल, राष्ट्रिय जनमोर्चा जिल्ला सल्लाहकार एवं जैमिनी नगरपालिकाका प्रमुख नरबहादुर पुनलगायत विभिन्न राजनीतिक दलका नेताले मुलुकको वर्तमान परिस्थितिमा दलहरूले निभाउनुपर्ने भूमिकाका बारेमा विचार राख्नुभएको थियो ।

'जेनजी' आन्दोलनका क्रममा प्रकट भएको युवा पुस्ताको माग र चाहनालाई पनि संवैधानिक र लोकतान्त्रिक विधिबाट सम्बोधन गर्नुपर्नेमा उहाँहरूको जोड थियो । कार्यक्रममा धवलागिरि बहुमुखी क्याम्पसका प्रा डा दिनबहादुर थापा, डा डिल्लीराज गौतम, भक्तिराम न्यौपाने, बागलुङ बारका अध्यक्ष गीता श्रीसलगायतले भनाइ राख्नुभएको थियो ।

# चाडपर्वलक्षित सुरक्षाका लागि देशभर ५० हजार सुरक्षाकर्मी परिचालन

**रासस**
काठमाडौं, १२ असोज

नेपाल प्रहरीले चाडपर्व सुरक्षाका लागि देशभर करिब ५० हजार सुरक्षाकर्मी परिचालन गरिएको जनाएको छ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले देशभरका सुरक्षा युनिटले विशेष चाडपर्व सुरक्षा योजना बनाई लागू गरिसकेको र सबै गरेर करिब ५० हजार सुरक्षाकर्मी परिचालन गरिएको जानकारी दिनुभयो । "भयरहित वातावरणमा चाडपर्व मनाउनका लागि शान्तिसुरक्षा अमनचयन कायम गर्न अन्य सुरक्षा निकायसँग समन्वय र नागरि कसँग हातेमालो गर्दै सुरक्षाको प्रबन्ध गरेका छौं । सम्भावित जोखिम क्षेत्रसमेत पहिचान गरी विशेष निगरानी बढाइएको छ", उहाँले भन्नुभयो । प्रवक्ता घिमिरेकाअनुसारआवश्यकताका आधारमा ड्रोन र तालिमप्राप्त कुकुरको प्रयोग गरिने छभने सादा पोसाकमा प्रहरी परिचालन हुनेछन् । काठमाडौं उपत्यकामा मात्रै छ हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन हुने र आवश्यकताअनुसार थप जनशक्ति परिचालन हुने गरी तयारी गरिएको छ । मुख्यगरी सवारीसाधनको आवागमन सहज बनाउने तथा चाडपर्वमा हुने भेला, जमघटमा मदिरा खाएर होहल्ला, झगडा गर्ने तथा चोरी तस्करीलगायत आपराधिक घटना बढी हुने भएकाले त्यसतर्फ विशेष निगरानी गरिएको प्रहरीले जनाएको छ। यस्तै, कालोबजारी र तोकिएभन्दा बढी सावारी भाडा लिनेलगायत गतिविधिको पनि निगरानी भइरहेको प्रहरीले जनाएको छ।

# हिमाली च्याङ्ग्रा पहाड र तराईका मुख्य बजारमा

**रासस**
बागलुङ, १२ असोज



दसैं नजिकिएसँगै हिमाली क्षेत्रबाट व्यापारीले धमाधम च्याङ्ग्रा बजार झारिरहेका छन् । दश दिन अगाडिबाटै व्यापारीले मुस्ताङ र डोल्पाका उच्च क्षेत्रबाट म्याग्दी, बागलुङ, पर्वत, पोखरा हुँदै चितवन र बुटवलसम्म पुर्‍याउने गरेका छन् । मुस्ताङका किसानले उत्पादन गरेको च्याङ्ग्रा सहरी क्षेत्र व्यापारीले खरिद गरी बजार पुर्‍याउने गरेका छन् । यतिबेला सडक छेउछाउमा बाक्लै च्याङ्ग्राका बथानहरू भेटिन्छन् । सडकमै ग्राहक पुगेर खरिद गर्ने गरेका छन् ।

हिमाली क्षेत्रमा हुर्किएका च्याङ्ग्रा अन्यको तुलनामा स्वादिष्ट र औषधीय गुण हुने हुँदा धेरैको रोजाइमा पर्ने गरेको छ । मुस्ताङ र डोल्पामा खरिद गरेका ल्याएका च्याङ्ग्राको मूल्य चितवन र बुटवलसम्म पुर्‍याउँदा बढी हुने गरेको व्यापारी बताउँछन् । व्यापारीले काठमाडौँ, पोखरा, चितवन र बुटवलसम्म ट्रकमार्फत ढुवानी गर्ने मुस्ताङका च्याङ्ग्रापालक किसान नामदेव गुरुङले बताउनुभयो । तीन दिन हिँडेर बागलुङ आइपुगुभएका गुरुङले पोखरासम्म पुगेर फर्किने बताउनुभयो । तीन सय च्याङ्ग्रा लिएर आउनुभएका गुरुङले बागलुङको मालढुङ्गा आइपुग्दा ७० वटा बिक्री भएको सुनाउनुभयो । आफूहरूले उत्पादन गरेको च्याङ्ग्रा खरिदका लागि पोखरा र काठमाडौँबाट व्यापारीहरू गोठमै पुगेर खरिद गर्ने उहाँको भनाइ छ । हिमाली गोठबाट खरिद गरेको च्याङ्ग्रा तराईसम्म पुग्ने गरेको गुरुङ बताउनुहुन्छ ।

"भदौ महिनामै व्यापारीहरू गोठमा पुगेर खरिद गर्छन्, कतिले त अघिल्लो वर्षनै बैना दिएर आएका हुन्छन्, उनीहरूले गोठमा सस्तोमै पाउँछन्, बजार पुर्‍याउँदा महँगो पर्छ, किनकि गाडीमा ढुवानी गरेर भाडा तिर्नुपर्छ, बाटोमा हिँडाउँदै लिए पनि खर्च धेरै हुन्छ", उहाँले भन्नुभयो, "सहरबजारका मान्छेले हिमाली च्याङ्ग्रा खुब मन पराउँदा रैछन्, दसैँमा त ठूलो सङ्ख्यामा च्याङ्ग्रा बिक्री हुन्छ, पाल्न सके त राम्रो आम्दानी गर्न सकिन्छ, तर धेरै दुःख छ ।" च्याङ्ग्राले हिमाली क्षेत्रमा जडीबुटीयुक्त घाँस खाने हुँदा धेरैले महँगो रकम तिरेर किन्ने गर्छन् । पाँच वर्ष पुगेका च्याङ्ग्रा मासुका लागि राम्रो मानिने डोल्पाका किसान थमसिंह बुढाले बताउनुभयो । सत्र दिनको यात्रा गरेर बागलुङ आइपुगेको बताउने बुढाले आफ्नो मुख्य आम्दानीको स्रोत च्याङ्ग्रा व्यापार भएको बताउनुभयो । च्याङ्ग्रा व्यापारबाट नौ जनाको परिवार चलाएको उहाँको भनाइ छ । च्याङ्ग्रा हिउँ बढी हुने क्षेत्रमा पालन हुने भन्दै हिउँचितुवा र ब्वाँसोबाट जोगाउन मुस्किल हुने बुढा बताउनुहुन्छ ।

आफूले आठ वर्षदेखि निरन्तर दसैँमा च्याङ्ग्रा लिएर बजार झर्ने गरेको सुनाउँदै बर्सेनि मूल्य बढ्दै गएको उहाँको भनाइ छ । आफूले सुरुमा रु १२ हजारदेखि बिक्री गर्न सुरु गरेको भन्दै अहिले च्याङ्ग्राको मूल्य करिब रु ५० हजारसम्म पुगेको बुढामगरले बताउनुभयो । चितवन र बुटवलसम्म पुग्दा मूल्य अझै बढी हुने उहाँ बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, "जति टाढा पुर्‍याइन्छ, च्याङ्ग्राको मूल्य बढ्नु स्वाभाविक हो, ट्रकमा ढुवानी गर्दा भाडा तिर्नुपर्छ, हिँडाउँदै लैजाँदा पनि गाह्रो हुन्छ, अघिल्लो वर्ष बुटवल पुगेको थिए, यसपालि पोखराबाट फर्किने योजना छ, हरेक वर्ष मूल्य बढेकोबढ्यै छ, बाहिरी व्यापारीले गर्दा च्याङ्ग्राको मूल्य बढेको हो, गोठालाले नै ल्याउने हो भने त्यति धेरै पर्ने थिएन ।" मुस्ताङसहित डोल्पा, मुगु र जुम्लाबाट मुस्ताङको घाँसा हुँदै बेनी-जोमसोम कोरला सडकमार्ग देशका ठूला सहरमा च्याङ्ग्रा भित्रिने गरेका छन् । तिब्बतबाट समेत भेडाच्याङ्ग्रा भित्रिने गरेका छन् । दसैँको खर्च जोहो गर्नका लागि यो सिजनमा बजार झरेको च्याङ्ग्रा व्यापारी मोहन लामाले बताउनुभयो । आफूले १५ वर्षदेखि चितवन, पोखरा र काठमाडौँमा च्याङ्ग्रा व्यापार गर्दै आएको सुनाउनुभयो । च्याङ्ग्रासँगै बागलुङका किसानले पनि भेडा बिक्री गर्न बजार झरेका छन् । जिल्लाको तमानखोला, ढोरपाटन, निसीखोलाको माथिल्लो क्षेत्रका अधिकांश किसान भेडापालनमा आबद्ध छन् । उनीहरूले लेकबाट झरेका भेडा बुर्तिबाङ, खर्बाङ, गुल्मी, पाल्पा हुँदै बुटवलसम्म पुर्‍याउने गर्छन् ।

# दसैँलाई लक्षित गरी टोलमा पुगेर भत्ता वितरण

**पोखरापत्र संवाददाता**
दमौली, १२ असोज

तनहुँको आँबुखैरेनी गाउँपालिकाले ज्येष्ठ नागरिकलाई टोलमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ । दसैँलाई लक्षित गरी गाउँपालिकाले प्रत्येक वडाका टोलमा पुगेर भत्ता वितरण गरेको हो ।

ज्येष्ठ नागरिकलाई सहज रुपमा भत्ता उपलब्ध गराउने उद्देश्यसहित गाउँपालिकाले वडामा पुगेर सामाजिक सुरक्षा भत्ता उपलब्ध गराएको प्रमुख प्रशासकीय अधिकृत चन्द्रकान्त तिमिल्सिनाले जानकारी दिनुभयो । पालिकाले चालु आर्थिक वर्षको प्रथम त्रैमासिक सामाजिक सुरक्षा भत्ता प्रत्येक वडाको विभिन्न ठाउँमा पुगेर वितरण गरेको उहाँले बताउनुभयो ।

तिमिल्सिनाले भन्नुभयो, "सामाजिक सुरक्षा भत्ता वितरणका लागि बैंकका कर्मचारी खटिनुभएको छ । यसले गर्दा ज्येष्ठ नागरिकलाई बैंकसम्म आउनुपर्ने बाध्यता हटेको छ ।"

ज्येष्ठ नागरिकलाई बजारसम्म झरेर बैंकमा लाइन बसेर भत्ता लिन असहज हुने भएकाले पालिकाले घरटोलबाट वितरण गर्ने अभियानलाई निरन्तरता दिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "हामी जनताको सेवाका लागि आएका हौँ । जसरी सहज हुन्छ त्यसरी नै सेवामा समर्पित हुने प्रयास गर्दैछौँ ।" ज्येष्ठ नागरिकलाई झन्झटरहित सेवा दिन टोलमा पुगेर भत्ता वितरण गरिएपछि उहाँहरू खुसी हुनुभएको उहाँको भनाइ छ । चुमानले भन्नुभयो, "घरदैलोमा नै पुगेर भत्ता वितरण गर्दा ज्येष्ठ नागरिकको अनुहारमा खुसी देख्दा हामीलाई आनन्द आउँछ ।" गाउँपालिकाले सबै वडाका टोलमा पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गरिसकेको छ । अन्तिम दिन शुक्रबार आँबुखैरेनी गाउँपालिका-२ को अदुवाखर्क, घोक्रिङ खर्क, सहकारी टोलमा भत्ता वितरण गरिएको छ । त्यस्तै आँबुखैरेनी गाउँपालिका-३ स्थित आँबुगाउँ, कोटगाउँ, धारापानीमा भत्ता वितरण गरिएको छ । वडा नं १ स्थित देवीडाँडा आमा समूहको भवन र समस्तीपुर, वडा नं २ स्थित एक्लेफाँट, पौवा, खोलागाउँ, तिलबारी, नयाँगाउँ, डुम्रीखर्क, ढापटार, नारीघाँट, खानीखोला, ढकालटार, वडा नं ४ स्थित घ्याङ्सिङ, भाँगे, लोप्राङ, अक्लाङ, काफलडाँडा, आमडाँडा, बेसी, खम्राङ, पूर्ववेसी, दुवावेसी, साँखर, बेनीटार, वडा कार्यालय भवन, वडा नं ५ स्थित लाब्दी, भेटेसरा, वडा कार्यालय भवन, घुमाउने, बरालुङबेसी, वडा नं ६ स्थित पर्लुङ, जालभञ्ज्याङ, हिलेखर्क, घलेडाँडा, प्यूघरमा पुगेर भत्ता वितरण गरिएको गाउँपालिकाले जनाएको छ । गाउँपालिकाले विभिन्न बैंकमार्फत ६८ वर्षमाथिका ज्येष्ठ नागरिक, ज्येष्ठ नागरिक दलित, ज्येष्ठ नागरिक एकल महिला, विधवा, पूर्ण अपाङ्ग (क) वर्ग, अशक्त अपाङ्ग (ख) वर्ग, पाँच वर्षमुनिका बालबालिकालाई घरदैलोमा पुगी भत्ता वितरण गर्दै आएको हो ।

# बाख्रा अनुसन्धान केन्द्रमा घाँसको समस्या

**पोखरापत्र संवाददाता**
दमौली, १२ असोज

तनहुँको बन्दीपुरमा रहेको राष्ट्रिय बाख्रा अनुसन्धान कार्यालयले २९ जिल्लामा प्रजनन् योग्य पाठापाठी वितरण गरेको छ । कार्यालयले गत आर्थिक वर्षमा २९ जिल्लामा प्रजनन् योग्य पाठापाठी वितरण गरेको हो ।

कार्यालयले १९१ पाठापाठी वितरण गरेको वरिष्ठ कृषि अधिकृत बुद्धिराम आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार १४८ बोका र ४३ पाठी वितरण गरिएको छ । शुद्ध बोर, शुद्ध सानन, जमुनापानी, शुद्ध खरी, शुद्ध सिन्हालगायत विभिन्न प्रजातिका पाठापाठी वितरण गरेको आचार्यले बताउनुभयो । उहाँका अनुसार शुद्ध बोर ५० वटा धादिङ, गोरखा, तनहुँ, दोलखा, सल्यान, लमजुङ, रसुवा, कास्की, बैतडी, सुर्खेत, स्याङ्जा, नुवाकोट, सिन्धुली, रोल्पा, धनुषा, अर्घाखाँची र बारामा वितरण गरिएको छ । बोर ९८.४४ प्रतिशत एउटा गोरखामा, बोर ९६.८७ प्रतिशत १० वटा पर्वत, धादिङ, कास्की, नुवाकोट, गोरखा, सिन्धुली र धनुषामा वितरण गरिएको छ । बोर ९३.७५ प्रतिशत १८ वटा गोरखा, धादिङ, कपिलवस्तु, काठमाडौँ, स्याङ्जा, दोलखा, धनुषा, तनहुँ र बारामा वितरण गरिएको आचार्यले बताउनुभयो । यसैगरी बोर ८७.७५ प्रतिशत ३१ गोरखा, धादिङ, काठमाडौँ, स्याङ्जा, तनहुँ, बारा, सल्यान, नुवाकोट, नवलपरासी (बसुप) र लमजुङमा वितरण गरिएको छ । बोर ७५ प्रतिशत २० वटा धादिङ, सिराहा, काठमाडौँ, कास्की, गोरखा, तनहुँ, नवलपरासी (बसुप), लमजुङ, सिन्धुली र बारामा वितरण गरिएको जनाएको छ । बोर ५० प्रतिशत २० वटा काभ्रेपलाञ्चोक, काठमाडौँ, ललितपुर र गोरखामा, सानन ९६.८७ प्रतिशत छ वटा धनकुटा, सुर्खेत, बैतडी, ताप्लेजुङ, नुवाकोट र गुल्मीमा वितरण गरिएको छ । सानन ९३.७५ प्रतिशत एउटा पर्वतमा, सानन ८७.५ प्रतिशत एउटा गुल्मीमा, सानन ७५ प्रतिशत छ काठमाडौँ, कास्की, रसुवा र बैतडीमा, सानन ५० प्रतिशत रसुवामा, जमुनापारी ५० प्रतिशत एउटा नवलपुरमा, शुद्ध खरी २० वटा नवलपुर, सुर्खेत, मकवानपुर, तनहुँ र गोरखामा र शुद्ध सिन्हाल एउटा काठमाडौँमा वितरण गरिएको जनाइएको छ ।

कार्यालयले बाख्राको अनुसन्धानका लागि विभिन्न जिल्लामा स्रोतकेन्द्र स्थापना गरिएको छ । तनहुँको भानु नगरपालिकास्थित बरभञ्ज्याङ, आँबुखैरेनी गाउँपालिकास्थित बरादीमा, घिरिङमा, गोरखाको बक्राङ, स्याङ्जाको पेखुथाना र धादिङको निलकण्ठमा बाह्य अनुसन्धान केन्द्र स्थापना भएका छन् । केन्द्रमा बाख्राहरुलाई चरिचरणको घाँसमा बाह्य जनावरबाट क्षति हुने गर्दा समस्या हुने गरेको छ । त्यस्तै हिउँद तथा सुख्खा मौसममा बाख्रालाई घाँसको कमी हुँदै आएको छ । त्यसका लागि सरपानी तथा आले गाउँमा जमिन सम्याई घाँस लगाइएको छ । कूल ८० हेक्टर क्षेत्रफलमा फैलिएको केन्द्रमा बाख्राको लागि आवश्यक पर्ने डालेघाँस, भुँईघाँसको खेती गरिएको छ । बाख्रालाई विशेष गरेर नेपियर, मोलाटो, सेटारिया, सिम्लत घाँस, किम्भु खनायोलगायतका घाँस खुवाउने गरिएको छ ।

# फलामखानी सञ्चालन गर्न पदमार्ग निर्माण

**पोखरापत्र संवाददाता**
पर्वत, १२ असोज

महाशिला गाउँपालिका-६ मा रहेको फलामखानी सञ्चालनको तयारीका लागि खानीसम्म पुग्ने पदमार्ग निर्माण गरिएको छ ।

निवर्तमान सरकारको मन्त्रिपरिषद्कोबैठकबाटफलामखानी सञ्चालनका लागि मन्त्रालय र सचिवलाई निर्देशन दिएपछि अध्ययन, अनुसन्धान गर्नका लागि आउने टोलीलाई खानीसम्म पुग्न सहज होस् र सञ्चालन भइसकेपछि पनि प्रशोधन केन्द्रसम्म लैजान सहज होस् भनेर व्यवस्थित पदमार्ग निर्माण गरिएको हो । प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत गाउँपालिकाले नियुक्त गरेका श्रमिक लगाएर पदमार्ग निर्माण गरिएको वडा नं ६ का अध्यक्ष गोविन्दबहादुर विकले जानकारी दिनुभयो ।

अध्यक्ष विकका अनुसार खानी तथा भूगर्भ विभागबाट भूगर्भविद् सन्तोष घिमिरेको टोलीले आउने तयारी गरेको छ । यहाँ रहेका मुख्य खानी रनेमने, बूढीखानी र धाउखानीसम्म जाने बाटो सम्पन्न भएको हो । यसैवर्ष पदमार्ग निर्माण गरिएको विकले जानकारी दिनुभयो । पटकपटक अनुसन्धान भए पनि विसं २००७ देखि बन्द भएको फलामखानी उत्खनन् हुने आशा स्थानीयले मारेका छैनन् । बन्द भएको ७५ वर्ष लामो अवधिसम्म पनि राज्यका कुनै पनि निकायले फलामखानी सञ्चालनका लागि सरकारले चासो यस क्षेत्रका नागरिकमा उत्साह जागेको छ ।

विगत चार वर्षअघि पनि खानी तथा भूगर्भ विभागको टोलीले खानीको उत्खनन् गर्ने प्रक्रिया सुरु गरेको भए पनि अध्ययन अनुसन्धान मात्रै गरेर फर्किएको थियो । भूगर्भविद्ले इआरटी (इलेक्ट्रिकल रेसिस्टीभिटी टेक्नोलोजी)का माध्यमबाट अध्ययन गर्दा प्रसस्त फलाम रहेको प्रमाण भेटिएको थियो । कुनै ठाउँमा सतहमा फलाम भेटिएको थियो भने कुनै स्थानमा जमिनमुनि भएको पाइएको थियो । फलामखानीमा दुई किलोमिटर लम्बाइमा खानी फैलिएको अनुमान छ । स्थानीयले पटकपटक फलामखानीको उत्खननको माग गर्दा कतैबाट तदारुकता नदेखाएपछि निराश बनेका छन् । धुवाँकोटे फलामले चिनिएको खानी सञ्चालनका लागि खानी तथा भूगर्भ विभाग र लुम्बिनीस्थित नेपाल पर्वत खनिज उद्योगबीच विसं २०६७ पुस ८ मा सम्झौता पनि भएको थियो । उक्त कम्पनीले लामो समय चासो नदेखाएपछि विभागले अध्ययन गरे पनि अन्य प्रक्रिया भने सुरु नभएको वडाध्यक्ष विकले बताउनुभयो । उक्त फलामखानी सदरमुकाम कुश्मा बजारबाट ३५ किलोमिटरको दूरीमा रहेको छ । महाशिलाको वडा नं ५ लुङ्खुदेउराली र वडा नं ६ फलामखानी क्षेत्रमा फैलिएको यो खानीको विस्तृत सर्भेक्षण गरी उत्खनन गर्न लामो समयदेखि स्थानीयले माग गर्दै आएका छन् ।

# उच्च मनोबलका साथ काम गर्नुपर्नेमा गृहसचिव दङ्गालको जोड

**रासस**
काठमाडौँ, १२ असोज

गृहसचिव रामेश्वर दङ्गालले मुलुकमा देखापर्ने जस्तोसुकै जटिल परिस्थितिको सामना गर्न विचलित नभई नेपाल प्रहरीले अझै उच्च मनोबलका साथ काम गर्नुपर्नेमा जोड दिनुभएको छ ।

आइतबार प्रहरी प्रधान कार्यालय नक्सालको निरीक्षण गर्दै उहाँले प्रहरी कर्मचारीलाई निर्देशनसमेत दिनुभयो । उहाँलाई प्रहरी महानिरीक्षक चन्द्र कुबेर खापुङ, प्रहरी अतिरिक्त महानिरीक्षकहरू, प्रहरी नायब महानिरीक्षकलगायत वरिष्ठ प्रहरी अधिकृतले हार्दिक स्वागत गर्नुभएको थियो । गृहसचिव दङ्गालले गत भदौ २३ र २४ गते भएको आन्दोलनका क्रममा क्षति भएका प्रहरीका संरचना तथा विस्थापित भएका प्रहरीलाई पुनःस्थापित गर्ने कार्यमा आमनागरिक समुदायबाट स्वःस्फूर्त रूपमा भएका सहयोग सराहनीय रहेको बताउनुभयो । यसले नेपाल प्रहरीप्रति जनताको आशा एवं भरोसा उजागर गरेको उल्लेख गर्दै उहाँले प्रहरीले समाजमा शान्तिसुरक्षा कायम गर्न अझ व्यावसायिक भई नागरिक सेवामा कटिबद्ध हुनुपर्ने बताउनुभयो । साथै नजिकिँदै गरेको चाडपर्वका समयमा शान्तिसुरक्षा कायम गर्न विशेष सुरक्षा योजना एवं रणनीति तयार गरी प्रहरी परिचालन गर्नुका साथै आसन्न निर्वाचनलाई लक्षित गरी आन्तरिक सुरक्षा कायम गर्न उहाँले निर्देशन दिनुभयो । महानिरीक्षक खापुङले देशको संविधान र ऐन कानुनले तोकेको अधिकार क्षेत्र, मानव अधिकारका राष्ट्रिय तथा अन्तरराष्ट्रिय मापदण्डसमेतले निर्दिष्ट गरेको परिधिभित्र रहँदै नेपाल प्रहरी नागरिक सेवा र सुरक्षामा सदैव निष्ठापूर्वक समर्पित रहँदै आएको बताउनुभयो ।

# सिंहदरबार पुनःनिर्माणमा बागलुङ कलाकार समाजको हातेमालो

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असोज

'जेनजी' आन्दोलनका क्रममा आगजनीमा परेको मुलुकको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार पुनःनिर्माणका लागि बागलुङ कलाकार समाज, नेपालले आर्थिक सहयोग अभियान सुरु गरेको छ । समाजले यही असोज ६ गते काठमाडौँमा आयोजना गरेको दसैँ, तिहार, छठलगायत पर्वको शुभकामना आदानप्रदान कार्यक्रममा उक्त अभियानको घोषणा गरिएको हो ।

पुनःनिर्माण कोषमा संस्थाकोतर्फबाट रु ५० हजार राखेर अभियान सुरुआत गरिएको समाजका अध्यक्ष लोकगायक वसन्त थापाले बताउनुभयो । "अहिलेसम्म झण्डै रु डेढ लाख सङ्कलन भइसकेको छ", उहाँले भन्नुभयो, "धेरै रकम सहयोग गर्न नसके पनि देशलाई अप्ठ्यारो परेका बेला सन्देश दिन खोजिएको हो ।" तिहारसम्म अभियान सञ्चालन हुने र त्यसपछि सरकारको कोषमा रकम जम्मा गरिने अध्यक्ष थापाले बताउनुभयो । सुरुमा समाजकातर्फबाट मात्र केही रकम दिने भनिएकामा पछि देशविदेशमा रहेका कलाकारलगायत अन्य शुभेच्छुकले सहयोगको इच्छा देखाएपछि अभियान अगाडि बढाइएको हो ।

अध्यक्ष थापाले सरकारले सुरु गरेको पुनःनिर्माण कार्यमा सहयोगको भावना जागृत गराई अरु सङ्घसंस्थालाई पनि त्यसतर्फ प्रेरित गर्न सन्देशमूलक ढङ्गले यो अभियान सुरु गरिएको बताउनुभयो ।

सरकारले केही दिनअघि 'जेनजी' आन्दोलनका क्रममा क्षति भएका सार्वजनिक तथा सरकारी भौतिक संरचनाको पुनःनिर्माण, मर्मत, आर्थिक पुनरुत्थान र राहत कार्यमा लागि भौतिक पूर्वाधार पुनःनिर्माण कोषमा योगदान गर्न सबैमा आह्वान गरेको थियो ।

# सहयोग जुटाएर दृष्टिविहीन विद्यार्थीलाई ल्यापटप

**पोखरापत्र संवाददाता**
दमौली, १२ असोज



तनहुँको ऋषिङ गाउँपालिका-८ धारुङ गौरीगाउँस्थित दृष्टिविहीन सोलुमाया आलेलाई सहयोग जुटाएर ल्यापटप हस्तान्तरण गरिएको छ । जन्मजात दृष्टिविहीन आलेलाई अध्ययनमा सघाउने उद्देश्यसहित विभिन्न व्यक्तिबाट रकम जुटाएर ल्यापटप सहयोग गरिएको हो ।

'दृष्टिविहीन सोलुमाया आलेका लागि ल्यापटप अभियान' सञ्चालन गरी रु एक लाख ६५ हजार ९५० सङ्कलन भएको स्थानीय अगुवा इन्द्रबहादुर आलेले जानकारी दिनुभयो । डेढ महिनाअघि सुरु गरिएको अभियानका लागि ३२ जनाबाट रकम सङ्कलन भएको उहाँले बताउनुभयो ।

सङ्कलित रकममध्ये रु ५४ हजार ५०० मा ल्यापटप खरिद गरिएको छ । बाँकी रु एक लाख ११ हजार ४५० मध्ये रु एक लाख आलेको खातामा जम्मा गरिएको छभने रु ११ हजार ४५० नगद शनिबार निजको घरमा पुगेर ल्यापटपसहित हस्तान्तरण गरिएको छ । आले हाल पृथ्वीनारायण क्याम्पस पोखरामा बिएड दोस्रो वर्षमा अध्ययनरत हुनुहुन्छ । यस अभियानका लागि सबैभन्दा बढी रकम हाल अमेरिका निवासी प्राध्यापक बीके रानाले रु ५१ हजार ५५६ सहयोग गर्नुभएको थियो ।